परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
❑ वर्ष १४ ❑ अंक ३९ २०८३ बैशाख २० आईतवार Sunday, 3 MAY 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## सीएनआईद्धारा महिला नेतृत्व सम्मेलन बैशाख २१ गते विराटनगरमा हुँदै



विराटनगर। कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, विराटनगर महानगरपालिको सहकार्यमार नेपाल उद्योग परिसंघ नेपाल उद्योग परिसंघ कोशी प्रदेशको सयुक्त आयोजनामा महिला नेतृत्व सम्मेलन बैशाख २१ गते कोशी प्रदेशकोराजधानी विराटनगरमा हुने भएकोछ।

नेपाल उद्योग परिसंघ (सीएनआई) कोशी प्रदेश कार्यालय विराटनगरमा पत्रकार सम्मेलन गरि महिला नेतृत्व सम्मेलनको संयोजक गिरिजा सारडाले वताईन।

"दिगो समृद्धितर्फ : कृषि, सीप, सिर्जनशीलतार डिजिटल नवप्रवर्तन" मुख्य विषयरहेको सम्मेलनमा महिला नेतृत्व विकास क्षमता अभिवृद्धि, स्थानीय कृक्षि सीप, नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धन तथा वर्तमान एवं सफल व्यबसायिक उदाहरणहरूमा केन्द्रित तथा उद्यमीहरुबाट संयोजक सारडाले वताईन।उक्त सम्मेलन विराटनगर स्थित होटल मनास्लुइनमा बिहान ९ बजे देखि साझ ५ बजे सम्म संचालन हुनेछ। सम्मेलनको आकर्षणहरूमा महिला उद्यमीहरूको प्रेरणादायी सफलता कथा प्रस्तुती, फोनपे सहित डिजिटल नवप्रवर्तन सम्बन्धी छलफल, स्वदेशी वस्तुहरुको प्रर्दशनी, उद्यमी, नीति निमांता, निजी क्षेत्रका प्रतिनिधि तथा विकास साझेदारहरूबीच नेटवर्किडरहेका छन्।

सम्मेलनको समुद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री माननीय हिक्मतकुमार कार्कीले गर्नुहुनेछ।र सो कार्यक्रममा आर्थिक औद्योगिक वैकिड क्षेत्रका र राजनैतिक सामाजीक क्षेत्रका महत्वपुर्ण व्यक्तीत्व हरुको प्रस्तुतिरहने छ।

उक्त सम्मेलनमा कोशी प्रदेश भरीका १७ वटा स्टलहरूरहनेछ भने ३ सय देखि ५ सय जनाको सहभागीतारहने संयोजक सारडाले वताईन।

## मगहीं भाषा सम्वन्धि अध्ययन अनुसन्धान

विराटनगर। विराटनगर महानगरपालिकाको दुई ठाउँमा मगही भाषा, कला, संस्कृति साहित्य सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम सम्पन्न भएकोछ।

पहिलो चरणमा विरटनगर महानगरपालिकाको वार्ड नं -१२ बखरी सामुदायिक भवनमा भएको कार्यक्रमका प्रमुख अतिथि महानगरपालिकाको उपप्रमुख शिल्पा निराला कार्कीले नेपाल अधिराज्य भरी बोलिने सबै भाषाको उत्थान हुनु पर्ने भन्दै मधेशमा अध्याधिक जातजातिले बोलिने मगही भाषा उत्थानमा लागेका भाषा संस्कृति प्रतिष्ठानलाई धन्यवाद दिएका थिए।

मगही भाषा उत्थानका लागि जनस्तरवाटै एक ढिक्का भएर आउनुपर्ने वताउँदै अगामी दिनमा मगही भाषा, कला, संस्कृति र साहित्यको विकासको लागि सहयोग गर्ने प्रतिवद्धता वहाँले जनाए।

उक्त कार्यक्रममा गोग्रहा माध्यमिक विद्यालय विराटनगरको शिक्षक ज्ञानेन्द्र प्रसाद साह, जन विकास माध्यमिक विद्यालय विराटनगरको साहायक प्राध्यापक सदानन्द कामत, बाल माध्यमिक विद्यालय जतुवा विराटनगरको शिक्षक बिष्णु महतोले कार्यपत्र प्रस्तुत गरेका थिए।

सो कार्यक्रममा अतिथिहरू विराटनगर-१२ का वडा अध्यक्ष हिरालाल कामत, कुशेश्वर राजवंशीले भाषा सम्बन्धि मन्तव्य राखेका थिए।

त्यसैगरी दास्रो चरणको कार्यक्रम विराटनगर प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य गीतारानी महतोको आतिथ्यमा विराटनगर महानगरपालिका वडा नं. ८ प्रगति विनायक टोलमा रहेको गणेश मन्दिरको सभाहल सम्पन्न भएकोछ

बांकी अन्तिम पेजमा...

## निर्माण कार्य ठप्प हुने स्थितिमा

विराटनगर। इन्धनजन्य सामाग्रीमा भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिले पूर्वाधार क्षेत्रमा 'सुनामी', र निर्माण सामग्रीहरूको अभावका कारण निर्माण उद्योग ठप्प हुने स्थितिमा रहेकोले 'म्याद थप' गर्न निर्माण व्यवसायीहरूले माग गरेको छ।

निर्माण व्यवसायी महासंघ, कोशी प्रदेशको अध्यक्ष जनसेवक भण्डारीले पत्रकार सम्मेलन गरि सो माग गरेको हो। मध्यपूर्वमा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल लगायतका इन्धन सामाग्रीहरूमा पटक पटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिले गर्दा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेकोले निर्माण कार्यको सम्झौता म्याद थप गर्नुपर्ने माग गरेको छ।

इन्धनजन्य सामाग्रीहरू सहित निर्माण कार्यमा व्यापक प्रयोग हुने बिटुमिन, सिमेण्ट, डण्डी लगायतका निर्माण सामाग्रीहरूमा समेत निरन्तर भइरहेको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धि र बजारमाती सामाग्रीहरूको अभावले निर्माण उद्योग लगभग ठप्प हुने स्थितिमा पुगेको अध्यक्ष भण्डारीले वतए।

भौतिक पूर्वाधार क्षेत्रमा आएको यस किसिमको 'सुनामी' का कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर देखिन शुरु भइसकेको छ। निमर्माण उद्योगको यस्तो विकराल परिस्थितिका विषयमा यस महासंघले बारम्बार नेपाल सरकार लगायतका निकायहरूमा पत्राचार गरेतापनि समस्या समाधान हुने गरी अहिले सम्म केही कार्यान्वयन नभएले पत्रकार सम्मेलन गर्नु परेको वताउदै समस्या समाधानका लागि ठोस पहल नगरी नेपाल

वांकी अन्तिम पेजमा...

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर
बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं।
- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
स्वास्थ्य र शान्तीका लागि वातावरण
नेपाल प्रधान कार्यालय परिवार
विराटनगर-१०

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र कुमार थापा (अध्यक्ष)
सहमती बचत तथा ऋण सहकारी संस्था
लिमिटिड, विराटनगर-८ परिवार

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## निर्माण...

सरकारले करीब दुई महिनादेखि लगातार मौखिक आवश्वासन मात्र दिएका कारण पूर्वाधार क्षेत्रका निर्माण व्यवसायीहरू र सोमा आवद्ध लाखौं श्रमीकहरू तथा यस क्षेत्रसँग सम्बन्धित अन्य उद्योग आर्थिक रुपमा धराशायी भएको छ ।

ठेक्काको मूल्य समायोजन राष्ट्र बैंकको मूल्य सूचकाङ्क अनुसार हुने भएकाले बजारमा निर्माण सामाग्रीहरूको अत्याधिक मूल्यवृद्धि भएतापनि राष्ट्र बैंकको इन्डेक्समा उक्त सामाग्रीहरूको मूल्य घटेको देखाइने प्रवृत्तिका कारण निर्माण उद्योग थप पीडामा परेको छ।

निर्माण कार्य तीव्र रुपमा हुने अहिलेकै समयमै इन्धन सामग्रीहरू सहित निर्माण सामाग्रीहरूमा निरन्तर भइरहेको अत्यधिक मूल्यवृद्धि एवं अभावले निर्माण व्यवसायीहरूलाई लामो समय सम्म ठूलो आर्थिक भार परी निर्माणाधीन आयोजनाहरूको भविष्यमै गम्भीर प्रश्न खडा भइसकेको छ ।

इन्धन सामग्रीहरूमा भएको निरन्तरको मूल्यवृद्धि तथा निर्माण सामग्रीहरूको अभावमा राष्ट्रिय गौरवका आयोजनाहरू सहित मुलुकभरका अन्य साना ठूला सबै आयोजनाहरूको काम लगभग ठप्प भएको छ ।

आयोजनामा मूल्यवृद्धि भए अनुरुप मूल्य समायोजनको मार्ग निर्देशिका-२ तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गरी मूल्यवृद्धिको समस्याबाट पीडित सबै निर्माण व्यवसायीहरूलाई तत्काल राहत दिन र निर्माण उद्योगलाई धराशायी हुनबाट बचाउन महासंघ सरकार समक्ष माग गर्दछ ।

अहिलेको गम्भीर परिस्थितिका कारण निर्माण आयोजनाहरू पूर्व निर्धारित समयमै सकिने कुनै सम्भावना नभएकाले बैंक ग्यारेण्टी, इन्सुरेन्स तथा थप क्षतिपूर्ति सहित सबै आयोजनाहरूको म्याद थपका लागि आवश्यक व्यवस्था मिलाउन महासंघले आग्रह गरेको छ ।

## मगही...

भाषा,कला, संस्कृति साहित्य सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम श्यामसुन्दर सुतिहार, देवकान्त महतोले मगही संस्कृतिमा विवाह, मृत्यु संस्कार, सतुवाइन लगायत विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

सो विषयहरू उपर समुह समुह बनाएर छलफल गरि मगही भाषा, कला, संस्कृति साहित्य सम्बन्धि शब्दमाहरू, विधिविधान, संकलन समेत गरियो । कार्यक्रमका विशिष्ट अतिथि वरिष्ठ अधिवक्ता रामलाल सुतिहार, वडा नं. ८ का सदस्य भुवन राजवंशी, शिक्षक चन्द्र प्रसाद साह, गणेश मन्दिर व्यवस्थापन समिति अध्यक्ष राजेन्द्र कुमार थापा लगायतले मन्तव्य राखेका थिए ।

दुवै ठाउँको कार्यक्रम भवानी आधारभूत विद्यालय जहदा -६ को प्राध्यापक रजनीकान्त कामतले कार्यक्रम संचालन गरेका थिए ।

त्यसैगरी दुवै कार्यक्रम भाषा संस्कृति प्रतिष्ठान विराटनगरको अध्यक्ष जयप्रकाश महतोको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# सरकारी विज्ञापन सरकारी संचार माध्यमलाई दिने विभेदकारी निर्णय विरुद्ध जिसससलाई ज्ञापनपत्र

विराटनगर । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले गरेको निर्णय अनुसार मोरङ शाखाकी अध्यक्ष सुशिला पाठकको नेतृत्वमा जिल्ला समन्वय समिति मोरङ मार्फत मोरङका सवै स्थानीय तहलाई ध्यानाकर्षण गर्न ज्ञापनपत्र बुझाएको छ ।

नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक जर्जरताबाट गुजिरहेको बेला श्रमजीवी पत्रकारले नियमित पारिश्रमिक लगायत प्रचलित कानुन बमोजिम सेवा सुविधा प्राप्त गर्न नसकेको यथार्थता छर्लङ छ । यतिमात्र नभई सञ्चार माध्यमको निरन्तरता माथि गम्भीर प्रश्न उत्पन्न भएको छ ।

यो जटिल परिवेशमा प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयका नाममा २०८२ चैत १८ गते संघीय सरकारका सबै निकाय, प्रदेश सरकार र स्थानीय तहहरुलाई जारी परिपत्रमा उल्लेखित विषय वस्तु ततकाल सच्याउन महासंघले दवाव मुलक जिल्ला समन्वय समिति मोरङ मार्फत मोरङका सवै स्थानीय तहलाई ज्ञापनपत्र बुझाएको मोरङ शाखाकी अध्यक्ष सुशिला पाठकले बताए ।

यता ज्ञापनपत्र बुझनुहुँदै



जिल्ला समन्वय समिति मोरङकी उपाध्यक्ष उषा झाले पत्रकाहरुको कहहितका लागि सहयोग गर्ने प्रतिवद्धता सहित ज्ञापनपत्र मोरङका सवै स्थानीय तहमा पठाउने प्रतिवद्धता जानकारी गराए ।

गम्भीर विषयमा सरोकारवाला पक्षसँग सामान्य परामर्श समेत नगरी लिइएको सरकारको आपत्तिजनक निर्णयप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको मोरङकी अध्यक्ष पाठकले भनाईछ । विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार विज्ञापन बोर्डले वर्गीकरणका आधारमा सञ्चार माध्यमहरुलाई समानु- पातिक रूपमा सरकारी विज्ञापन उपलब्ध गराउने व्यवस्थलाई ततकाल कार्यन्वयन गर्न उहाँले सरकारलाई आग्रह गरेकोछ ।





## खोप लगाऔं, रोगबाट बचौं, र बचाऔं ।

- सबै बालबालिकालाई तोकिएको समयतालिका अनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्य कर्मीको सल्लाह र निर्देशन पालन गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवा बारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्म सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय प्रकाश महतो (महासचिव)
अखिल नेपाल पिछडावर्ग

आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
निःशुल्क न्यूरो OPD
समय: १२:०० बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा



डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रवन्ध निर्देशक
9802760888

डिभिजन वन कार्यालय, मोरङको
## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

यस वर्षको सुख्खा मौसम सुरु भइसकेको छ। वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला तथा सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ:

१. सलाई, लाइटर, राँको जस्ता आगो उत्पन्न गर्ने वस्तुहरू वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं।
२. वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए पूर्ण रूपमा निभाएर मात्र छाडौं।
३. वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकैको वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहरूलाई सूचना दिऔं।
४. डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं।
५. वन डढेलो लगाउने व्यक्तिहरूको पहिचान गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क: ९८५२०२६६१४, ९८५२०८१११०


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# जनताको चहाना अनुसार काम गर बालेन सरकार

नेपालमा बालेन सरकार आएपछि धेरै कुराहरुमा सुधार आएको जनताले अनुभव गरि रहेको छन् । अहिले सुशासन कायम गर्न अध्यादेश ल्याएर सोही आधारमा काम गर्दै अगाडी बढी रहेको सरकारको विरोधमा केही पुराना मनस्थितिका दलहरुले संसदलाई छलेर ल्याउन लागेको अध्यादेशको विरोध गरि रहेको छन् । सरकारबाट जनताले तत्काल राहत, सहज सेवा र देखिने विकासको अपेक्षा गर्छन् । प्रधानमन्त्री बालेन शाहको नेतृत्वले सुरुवाती दिनहरूमा देखाएको सक्रियता, साहसिक निर्णय र सुशासनप्रतिको प्रतिबद्धताले आम नागरिकमा ठूलो आशा जगाएकोछ ।

जनताको चाहना स्पष्ट छ–भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, सफा र व्यवस्थित शहर, गुणस्तरीय सेवा र जवाफदेहिता । अवैध संरचना हटाउने अभियान, फोहोर व्यवस्थापन सुधार जस्ता कदमहरू स्वागतयोग्य भए पनि ती दीर्घकालीन रूपमा प्रभावकारी बन्न आवश्यक छ । केवल अभियानमुखी कार्य होइन, स्थायी नीति, प्रणाली र सहकार्य आवश्यक छ । राम्रो काम गर्नुका साथै संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय अपरिहार्य छ । जनताले भोट दिएको केवल परिवर्तनको नाराका लागि होइन, परिणामका लागि हो ।

अबको आवश्यकता जनताको आवाज सुन्ने, प्राथमिकताहरू पहिचान गर्ने र योजनाबद्ध रूपमा काम गर्ने हो । लोकप्रियता भन्दा प्रभावकारितालाई प्राथमिकता दिनुपर्छ । आलोचनालाई सुधारको अवसरका रूपमा लिने संस्कार विकास गर्नुपर्छ बालेन सरकार सफल हुनु देशवासीको जीवनस्तर सुधार हुनु हो । त्यसैले जनताको चाहनालाई केन्द्रमा राखी, सहकार्य र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्नु नै आजको मुख्य आवश्यकता रहेकोछ ।

# कसरी ठम्याउने अधिनायकवादको प्रारम्भक लक्षण ?

- राजनीतिमा सुधार शब्द विवादित बनेको छ किनभने यसले सत्ताको नियत लुकाउने औजारको रूपमा काम गर्छ ।
- नेपालमा लोकतन्त्र कमजोर हुनुको मुख्य कारण सत्ता र संस्थाहरूबीच शक्ति सन्तुलन बिग्रनु हो ।
- राष्ट्रिय स्वतन्त्र पार्टीसँग जनादेश छ तर अध्यादेशमार्फत कानुन निर्माण गर्दा लोकतन्त्रप्रतिको अविश्वास बढिरहेको छ ।

देवराज चालिसे

आलोचकहरू भन्छन् व्यवहार वादी राजनीतिमा सिद्धान्त स्थिर हुँदैन, सुविधा स्थिर हुन्छ । सत्तापक्ष होस् वा विपक्षी, विपक्षमा हुँदा जुन कुरा गलत थियो, सत्तामा पुग्दा त्यही आवश्यक देखिन्छ ।

उपरोक्त प्रसङ्ग यसैको पृष्ठभूमिमा आएको आलोचनात्मक विचार हुन सक्छ, नेपालमा अहिले जे भइरहेको छ, योभन्दा पृथक् छैन पनि ।

राजनीतिक दललाई जन समर्थन आवश्यक हुन्छ। यसको जोहो गर्नु उसको कर्म हो। जोहोकै क्रममा केही यस्ता शब्दहरू भेटिन्छन्, जसले स्वतः सकारात्मक अर्थ बोक्छन् र जनसमर्थन बटुल्न मद्दत पुग्छ। राजनीतिमा 'विकास', 'समृद्धि', 'परिवर्तन', 'नयाँ युग' आदि लोक प्रिय शब्द हुन् । यीमध्ये सबैभन्दा प्रभावशाली शब्द हो- 'सुधार' ।

सुधार भन्नेबित्तिकै एउटा राम्रो, प्रगतिशील र आवश्यक परिवर्तनको कल्पना गरिन्छ तर व्यवहारमा हेर्दा यही शब्द राजनीतिमा सबैभन्दा बढी विवादित बनेको छ । किनकि, यसलाई सत्ताको शक्ति, दलको दृष्टिकोण र समय सन्दर्भको सङ्घर्षको रूपमा हेरिन्छ । साँचो अर्थमा सुधारले सत्तालाई सजिलो बनाउँदैन, जनतालाई शक्ति शाली बनाउँछ। तर यहाँ सुधार सत्ताको नियत लुकाउने औजारको रूपमा प्रयुक्त भएको छ। यो अहिले प्रकट भएको मात्र हो ।

चुनाव आफैँमा लोकतन्त्रको पूर्णता होइन । लोकतन्त्रलाई केवल चुनावमा सीमित गर्नु भनेको प्रक्रियागत लोकतन्त्रलाई बुझ्नु हो। वास्तविक लोकतन्त्र स्वतन्त्र न्यायपालिका, उत्तरदायी कार्य पालिका, सशक्त संसद्, नागरिक स्वतन्त्रता तथा राज्यका विभिन्न अङ्गहरूबिचको प्रभाव कारी नियन्त्रण र सन्तुलनमा हुन्छ ।

लोकतन्त्रमा समस्या त्यति बेला सुरु हुन्छ, जब राज्यका प्रमुख अङ्गहरूबीच शक्ति सन्तुलन बिग्रन्छ वा चुनावबाट जितेर आएको दलले यी संस्थागत संरचनाहरूलाई क्रमश : कमजोर पार्दै लैजाने कोसिस गर्छ। यस्तो अवस्थामा लोकतन्त्र आवरणमा देखिन्छ तर सारमा निस्प्राण हुँदै गएको हुन्छ । यस्तो लोकतन्त्रले नागरिक स्वतन्त्रताको रक्षा गर्न सक्दैन ।

अर्कोतर्फ, लोकतन्त्रको सबैभन्दा ठुलो कमजोरी भनेको निर्वाचनबाट आउने कमजोर नेतृत्व र असफल सरकार हो । जनअपेक्षाको व्यवस्थापनमा यस्ता सरकारहरू निरन्तर असफल रहन्छन्न, यस्तै सरकारले जनतामा सामूहिक निराशा उत्पन्न गर्छन् । अनियन्त्रित भ्रष्टाचार, अक्षमता, उत्तर दायित्वको अभाव र आम निराशा यिनीहरूले उत्पादन गर्छन् ।

ठ्याक्कै यही क्षणमा लोकतन्त्रकै उपयोग गर्दै नयाँ शक्तिलाई उदय हुने अवसर र ऊर्जा प्राप्त हुने विषय अब नयाँ रहेन। यस्तो अवस्थामा नागरिकहरू वैकल्पिक शक्तितर्फ आकर्षित हुन्छन्। यही 'एन्टी-इन्कम्बेन्सी' को भावनामा आशा र सुधारको अपेक्षासहित नयाँ विकल्पलाई चुनावमा सफलता मिलेको हुन्छ। तर इतिहासले देखाएको छ- छानिएको विकल्प सधैँ सत्य, न्याय र आदर्शको प्रतिनिधि हुन्छ भन्ने ग्यारेन्टी भने हुँदैन ।

लोकतान्त्रिक प्रणालीभित्र निरङ्कुशता बाजा बजाएर आउँदैन। यी प्रवृत्तिहरू खुल्लमखुल्ला देखा पर्दैनन्। तिनीहरू चुनाव जित्छन्, संविधान र राष्ट्रवादको खोल ओढ्छन्, विकास र सुधारको भाष्य प्रयोग गर्छन् र शक्तिमा पुगेपछि क्रमशः न्यायपालिकालाई प्रभावित पार्छन्, मिडियालाई नियन्त्रण गर्छन्, विपक्षलाई कमजोर बनाउँछन् र नागरिक स्वतन्त्रतालाई सीमित गर्दै लैजान्छन् ।

हङ्गेरीमा भिक्टर ओर्बानले २०१० मा दुईतिहाइ बहुमत प्राप्त गरेपछि सुधारको नाममा संविधान बदलिदिए, न्यायपालिका र संवैधानिक अदालतका अधिकार कटौती गरे, मिडियालाई राज्य नियन्त्रणमा ल्याए र संसद्लाई 'रबर स्ट्याम्प' जस्तो बनाए। टर्कीमा एर्दोगानले सुरुमा लोकतान्त्रिक सुधारको कुरा गरे, पछि न्यायाधीश, पत्रकार र विपक्षीलाई दमन गर्दै शक्ति अत्यधिक केन्द्रित गरे ।

भेनेजुएलामा ह्युगो चाभेज र मादुरोले जनअसन्तोषलाई प्रयोग गर्दै संस्थाहरूलाई क्रमिक रूपमा आफ्नो नियन्त्रणमा लिँदै देशलाई गम्भीर सङ्कटतर्फ लगे। दक्षता र सुधारको आवरणमा शक्ति केन्द्रीकरण कसरी निरङ्कुशतातर्फ बिस्तारै अघि बढ्छ, यी सीमित उदाहरणहरू मात्र हुन् ।

हरेक अधिनायकवादी सोच को एउटा साझा विशेषता हुन्छ- उनीहरू लोकतान्त्रिक प्रक्रियालाई झन्झटिलो, ढिलो र अप्रभावकारी भनेर चित्रण गर्छन्। यसका लागि उनीहरूले संसद्लाई निष्क्रिय बनाउँछन्, बहसलाई अवरुद्ध गर्छन्, नीति निर्माण प्रक्रियालाई जानाजानी ढिलो पार्छन् र त्यसपछि भन्छन्, 'लोकतन्त्र ढिलो र असक्षम छ ।' आफैँले सिर्जना गरेको समस्या नै लोकतन्त्रको कमजोरीको रूपमा प्रस्तुत गर्ने यो रणनीति अत्यन्त खतरनाक प्रवृत्ति हो । नेपाल अहिले यही प्रक्रियाबाट गुज्रिरहेको देखिन्छ ।

नेपालमा नयाँ नेतृत्वको उदय मुख्यतः पुराना दलप्रतिको असन्तुष्टिबाट भएको हो, न कि पूर्ण विश्वासबाट । यो 'नेगेटिभ म्यान्डेट' पनि हो । यस्तो नेगेटिभ म्यान्डेट तबसम्म टिकाउ हुँदैन, जबसम्म त्यसलाई वास्तविक नतिजा र विश्वसनीयताले पोजिटिभ म्यान्डेटमा रूपान्तरण गर्न सकिँदैन । यो आलोचना र शङ्का होइन, समयमै व्यक्त गरिएको चिन्ता हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सरकारले निर्वाध रूपमा काम गर्न पाउनुपर्छ, उसलाई जनादेश प्राप्त छ । तर यसको अर्थ यो होइन कि उसलाई मनपरी गर्ने छुट छ । रास्वपासँग जनसमर्थन छ तर उसँग लोकतन्त्रप्रतिको विश्वासयोग्य प्रमाणपत्र छैन । पार्टी नयाँ हो, लोकतन्त्रको कसीमा घोटिन बाँकी नै छ, समय लाग्न सक्छ ।

रास्वपाको लागि यो अवसर हो, लोकतन्त्रप्रति प्रतिबद्ध पार्टी नेपाली कांग्रेस उसको विपक्षमा छ । विपक्षलाई सधैँ केवल प्रतिद्वन्द्वीको रूपमा हेर्न आवश्यक छैन, विपक्षलाई एक प्रकारको सहसन्तुलकको रूपमा लिन सक्नुपर्छ ।

यसको अर्थ प्रतिस्पर्धा समाप्त हुनु होइन । प्रतिस्पर्धा आफ्नो ठाउँमा रहन्छ, तर लोकतन्त्रका आधारभूत मूल्यहरू जोगाउने सवालमा सहकार्य सम्भव र आवश्यक हुन्छ। यी कुराहरू सत्ता सञ्चालकको व्यवहारमा निर्भर गर्छ ।

सत्ताको लोकतन्त्रप्रतिको निष्ठामा यो अध्यादेश ल्याउने प्रक्रियाले सन्देह उत्पन्न गरेको छ । करिब दुईतिहाइ मतको सरकार छ तर विपक्षसँग मात्र होइन आफ्नै सदस्यमाथि पनि भर गर्न सकिरहेको छैन, अविश्वास गहिरो छ ।

विगतमा अध्यादेशको कडा विरोध गर्दै लोकतान्त्रिक प्रक्रिया, संसद् र सार्वजनिक बहसको पक्षमा उभिएको पार्टी आज

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मन्दिरको परिचय

श्याम सुन्दर सुतिहार

### ३. सोमेश्वर नाथ महादेव मन्दिर



धनपालथान गाउँपालिका-४ कर्सिया बजारमा सोमेश्वरनाथ महादेव मन्दिर रहेको छ। यो मन्दिरको स्थापना वि.सं. २०४४ मा भएको हो। यसको स्थापनाको रोचक कहानी छ।

सोमेश्वरनाथ महादेव मन्दिरका सञ्चालक समितिका सचिव अरुणकुमार साहका अनुसार त्यसबेला हरिलाल सिंहको नेतृत्वमा २५ देखि ३० जनाको टोली आपसमा रकम संक्लनगरी विहारको झारखण्डमा रहेको बाबा बैजनाथ धाम गयो। बाबा बैजनाथ धाममा पूजाअर्चना गरी फर्किएपछि हिंसाब गर्दासंकलन गरेको रकममध्ये केही रकम बचतभएको पाए।

धार्मिक उद्देश्यका लागि सङ्कलन गरिएको त्यो रकमबाट एउटा मन्दिर स्थाना गर्ने सल्लह भयो। सोही अनुसार हालको धनपालथान गाउँपालिकाको कर्सिया बजारमा मन्दिर स्थापना गरियो। त्यति रकमले मन्दिरको निर्माण कार्य पूर्ण भएन। अधुरा केही कामहरू उद्योगी एवं समाजसेवी देवेन्द्र अग्रवालले २०४८ सालमा पूरा गरी मन्दिरको निर्माण कार्य सम्पन्न गराउनु भयो। उक्त निर्माण तत्कालीन स्थानीय विकास मन्त्री पशुपति समशेर जवराले २०४८ सालमा मन्दिरको विधिवत उद्घाटन गर्नुभयो। त्यस बेलादेखि नै सोमेश्वर महादेव मन्दिरमा पूजाआर्चना गर्न थालियो।

कर्सियाको सोमेश्वरनाथ महादेव मन्दिरको छुटैपहिचान छ। पूजाआर्चना गर्दा भाकल गरेका कुराहरू पुग्छन् भन्ने विश्वास छ। मन्दिरमा स्थापना कालदेखि ललन झा, सम्भुनाथ झा, ४८ वर्षीय शिवकान्त झा, पण्डित सिंह, नारायाण झाले मन्दिरमा पूजारी भएर विहान बेलुका पूजागर्दै आउनुभएको थियो। मन्दिरमा अरु दिन विहान बेलुका पूजाअर्चाना गरेपनि श्रावण महिनाको अन्तिम सोमबार विशेष रुपमा लोहन्द्रा खोलाबाट जल भरेर मन्दिरमा चढाउने गरेको पाइन्छ। सोही दिन कलशयात्रा निकाल्ने र अष्टजाम समेत गरिन्छ। विशेष गरेर परिवारमा सुख-शान्ति राख्नका लागि भक्तजनहरू विहान बेलुका पूजाअर्चना गर्न मन्दिरमा आउने गरेका छन्।

शिवरात्री हिन्दु धर्मावलम्बी हरूको महान चाड हो। भगवान शिवको उत्पत्ति भएको रातको रुपमा परिचित यो पर्वलाई सम्पूर्ण दीन दुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष (छिटै खुसी हुने) भगवान् शिवको अति प्यारो दिनका रूपमा लिइने गरिन्छ।

उक्त दिन यहाँ भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजाअर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्दछन्।

## लागुऔषध सहित ११ पक्राउ

विराटनगर। मोरङ, झापा, सुनसरी र उदयपुरबाट लागू औषध सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ।

बैशाख १३ गते झापाको भद्रपुर नगरपालिका-५ को दुई छुट्टा छुट्टै स्थानबाट बिशेष सुचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले ७ ग्राम १५० मिलिग्राम ब्राउन सुगर सहित बेचबिखानमा संलग्न सोही स्थानकी बिबिसा चापागाई, भद्रपुर-९ का दिपक उप्रेती, ताप्लेजुङ फुङलिङ नगरपालिका-१ का प्रताप मादेन र फुङलिङ नगरपालिका-५ का अनुप लामगदेलाई पक्राउ गरेको थियो।

त्यस्तै सुनसरीको इनरूवा नगरपालिका-४ बाट जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्कले मोरङको पथरी शनिश्चरे गाउँपालिका-६ का राजा भन्ने सुमन यादव र सरोज परियारलाई ट्रमाडोल ६०६ क्यापसुल, नाईट्राजेपाम २० क्यापसुल सहित नियन्त्रणमा लिएको थियो।

झापाको अर्जुनधारा नगरपालिका-५ स्थितबाट लागू औषध नियन्त्रण ब्युरो काकडभिट्टा र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको संयुक्त प्रहरी टोलीले मे १ ह २४४३ नम्बरको अटो चालक मोरङ पथरीशनिश्चरे नगरापालिका-५ का सागर दर्जीलाई २ ग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय बुधबारेले बुद्धशान्ति नगरपालिका -१ का हरी प्रसाद ढकाललाई २ ग्राम ७२० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी मोरङको इलाका प्रहरी कार्यालय बिराटचोकले सुन्दरहरैचा नगरपालिका-९ स्थितबाट सोहि स्थानका बिकल राईलाई ७० चक्की प्रतिबन्धित औषधी सहित पक्राउ गरेको छ भने उदयपुरको प्रहरी चौकी लालपत्ताले त्रियुगा नगरपालिका-१० का आशिष सुर्खेती र त्रियुगा नगरपालिका-३ का सन्देश राउतलाई ४१ एम्पुल प्रतिबन्धित औषधी सहित पक्राउ गरेको थियो।

पक्राउ परेको सबैजनाको सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहेको छ।


हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| प्रकाश भट्टराई | अमृता कुमारी गच्छदार | जित नारायण थापा मगर |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| मुरारी प्रसाद निरौला | गुणवती देवी थारू | नमो नारायण माझी |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

ग्रामथान गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

# सहमति शिक्षा तथा बचत ऋण सहकारी संस्थाको मुस्ताङ भ्रमण प्रतिवेदन

विराटनगर। सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेड विराटनगर-८ प्रगति विनायक टोलबाट २०८३ साल बैशाख ७ गते विहान ६:३० बजे ६० जनाको टोलीमा पुरुष-२८, महिला-३२, केटाकेटी-७ सहित मुस्ताङको लागि बलदेव डिलक्स प्र.१-०२-००२ ख ०७३६ गाडी नं. २ र माँ दुर्गा लक्जरी सोफासेट लु ०१-००१ ख ०११ गाडी नं. १ विराटनगर-ढल्के रूटको बसबाट प्रस्थान गरेका थियौ ।

सप्तरी जिल्लाको महोली पुगी करीब ९ बजे चना-च्युरा र दही-च्युरा सबैजना नास्ता गऱ्यौ । महोत्तरी जिल्लाको वर्दिवास पुगी शिशमहल होटल एण्ड रिसोर्ट गौरी डाँडामा सादा खाना खाएका थियौ । त्यहाँबाट १ बजे पोखराको लागि प्रस्थान गरी बाटोमा करीब ५बजे काकरा र स्याउ खाएका थियौ । रातीको १० बजे पोखरा पुगि पोखरा दिप सागर होटल र रोयल होटलमा खाना खाई बास बसेका थियौ ।



मुक्तिनाथ नारायण मन्दिर मुस्ताङ। तस्वीर : श्याम सन्दर सुतिहार

बैशाख ८ गते विहान नुहाईधुवाई गरी करीब ७ बजे होटलबाट प्रस्थान गरि १० बजे बाग्लुङको कालिका भगवतीको दर्शन गर्नुका साथै नेपालकै सबभन्दा अग्लो र लम्बाई भएको वाग्लु र पर्वत जिल्लालाई जोड्ने झुलुङ्गे पुलको अवलोकन त्यहीकै ट्राफिक चौकको त्रिवेणी होटलमा १ बजे खाना खाई त्यहाँबाट प्रस्थान गरी देवाधिदेव गलेश्वर धाम स्यम्भु ज्योतिर्लिङ विश्व कै अलौकिक तीर्थ स्थल गलेश्वर धाम बे.न.पा. गलेश्वर म्याग्दी दर्शन गरि करीब ३ बजे म्यादीकै प्राकृतिक तातोपानी कुण्डमा तातो पानीले नुहाएर, स्पर्श गरेर र पिएर मज्जा लियौं । तातोपानीबाट प्रस्थान गरि प्रकृतिक दृष्यहरू रूप्से झरणा, पहाडका दृष्यहरू क्यामरामा कैद गर्दै साँझ ८ बजेर ३० मिनेटमा होटल जोमसोम प्राईडमा पुगी फ्रेस भई खाना खाएपश्चात सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कार्यसमिति सदस्य विराटनगर-८ प्रगति विनायक टोल निवासी विरेन्द्र थापा र शेयर सदस्य संतोषि थापाको बैवाहिक दिन परेकोले केक काटेर नाच गान गर्दै रमाईलो गरी सोही होटलमा आराम गरेका थियौ ।

बैशाख ९ गते बिहान नुहाइधुवाई गरी ६ बजे सोही होटलमा कालो चिया खाई ७ बजे कागवेनी श्राद्ध स्थलको लागि प्रस्थान गरि ९ बजे कागवेनी श्राद्ध स्थल कागवेनीधाम बारगुङ मुक्तिक्षेत्र गाउँपालिका-४ मुस्ताङ पुगी कागवेनी श्राद्ध स्थलबाट श्राद्ध कर्म गरि करीब १० बजे मुक्तिनाथ नारायण मन्दिरको लागि प्रस्तान गरेका थियौ । विहान ११ बजे मुक्तिनाथ नारायण मन्दिर पुगेका थियौ । मुक्तिनाथ नारायण मन्दिरमा १०८ धारा र दुईवटा जल कुण्डमा नुहाई, धुवाई गरि पुजापाठ गरि सवा लाख बत्ती बाली फरि जोमसाम फर्केर होटल जोमसोम प्राईडमै खाना खाई ३ बजेर ३० मिनेटमा पोखराको लागि प्रस्थान गरी बाटोमा काकरा खादै राती ९ बजे पोखरा पुगी स्याङ्जा कास्की लज र होटल प्रदिप एण्ड रेष्टुरेन्ट पृथ्वी चौकमा चिया विस्कुट खाएर बास बास बसेका थियौ ।

बैशाख १० गते बिहान नुहाईधुवाई गरी ९ बजे खाना खाई १० बजे पुम्दिकोट भौमेश्वर महादेव मन्दिर पोखरा-२२ पुम्दिभुम्दी कास्कीको लागि प्रस्थान गरि ११ बजे पुगेर घुमफिर, पुजापाठ त्यहाँबाट प्रस्थान गरि गुप्तेश्वर महादेव गुफा पोखरा-१७ छोरपाटनमा रहेको कामधेनु गाई गोठमा प्रवेश गरि पुजापाठ र दर्शन गरी सिधै फेवाताल पुगी ढुंगाको प्रयोग गरि फेवातालमा रहेको ताल बराही मन्दिरमा दर्शन गरि फर्केपछि बसमा चढ्यौ र १ पिस स्याउ वितरण गर्यौं । त्यसपछि विन्ध्यावासनी मन्दिर पुजापाठ र दर्शन गरी ७ बजे पुन: स्याङ्जा कास्की लज र होटल प्रदिप एण्ड रेष्टुरेन्ट पृथ्वी चौकमा बास बस्यौ ।

बैशाख ११ गते विहान नुहाई धुवाइ गरी विहान ५ बजे मनोकामना माताको दर्शनको लागि प्रस्थान गरेका थियौ । केवलकार चढी गोरखाको मनोकामना माताको दर्शन गरी फेरी केवल कारबाटै फर्कि बसमा चढी मुग्लिङमा खाना खाएका थियौ । त्यहाँवाट चितवन, नवलपरासी र तनहुँ जोडएको नदि देवघाटमा स्नान, पुजापाठ र दर्शन घुमफिर गरी त्यहाँवाट प्रस्थानगरी बेलुकी ५ बजे नारायणगढ पुगी नारायणी खोलामा ढुंगा खिलियौ ७ खाना खाई विराटनगरको लागि प्रस्थान गरेका थियौ । बैशाख १२ गते विहान ६ बजेर ३० मिनेटमा सहमती शिक्षा बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा बसबाट ओर्लि आ-आफ्नो घर फिर्किएका थियौं । समग्रमा यात्रा सफल भएको सवै शेयर सदस्यहरुको भनाईछ ।

# जीवन विकासको साक्षरता कार्यक्रम सम्पन्न

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय कर्सियाले आयोजना गरेको केन्द्रीय प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ ।

मोरङको धनपालथान गाउँपालिका-४ शारदा माध्यमिक विद्यालय कर्सियामा आयोजित केन्द्रीय प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम शुक्रवार सम्पन्न भएको थियो । जीवन विकास लघुवित्त वित्तीय संस्थाले स्थानीय स्तरमा वित्तीय सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको जीवन विकास लघुवित्त वित्तीय संस्थाका नायव प्मुख कार्यकारी अधिकृत दामोदर रेग्मीले बताएका थिए ।

कार्यक्रममा धनपालथान गाउँपालिकाका अध्यक्ष जिवच्छ गच्छदारले अहिलेको परिवेसमा जीवन विकास लघुवित्त वित्तीय संस्थाले महिलाहरुलाई बचतको महत्व, ऋणको सदुपयोग, साना लगानी मार्फत आय आर्जनसंगै आत्मनिर्भर बनाउन मदत पुऱ्याएको प्रति अध्यक्ष गच्छदारले प्रशंसा गरेका थिए ।

विभिन्न केन्द्रमा आबद्ध महिलाहरूलाई 'असल ऋणी' र 'उत्कृष्ट बचतकर्ताहरुलाई वित्तीय संस्थाले प्रत्येक केन्द्रहरुले सम्मान तथा पुरस्कार प्रदान गर्दै आईरहेको संस्थाका विभागीय प्रमुख अञ्जय मण्डलले बताए । संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत अति विपन्न पाँच परिवारका विद्यार्थीहरूलाई शैक्षिक सामग्री र स्कुलका पौसाक वितरण गरेका थिए ।

त्यसैगरी केन्द्रमा आबद्ध महिलाहरूलाई 'असल ऋणी' र 'उत्कृष्ट बचतकर्ताहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरेका थिए । कार्यक्रममा धनपालथान गाउँपालिका वडा नं. ४ का अध्यक्ष श्रीराम चौधरी, वडा नं. ५ का अध्यक्ष गयानन्द सरदार, वडा नं. ६ का वडाअध्यक्ष मो. हुसेन (रोजित), जीवन विकास लघुवित्त कर्सिया शाखाका प्रमुख वासुदेव शाह, हेमनारायण राजवंशी र शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक श्याम प्रसाद शाह लगायतले स्थानीय जनप्रतिनिधि, शिक्षक तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**गाउँवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| रोशन कुमार गुप्ता | हन्ना सोरेन | जितेन्द्र प्रसाद साह |
|---|---|---|
| प्र. प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**जहदा गाउँपालिका, गाउँपालिकाको कार्यालय कोशी प्रदेश, मोरंग, नेपाल**



**नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**गाउँवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।



| रिता खतिवडा | नसिमा बानो | जिवछ प्रसाद गच्छदार |
|---|---|---|
| प्र. प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**धनपालथान गाउँपालिका, गाउँपालिकाको कार्यालयकोशी प्रदेश, मोरंग, नेपाल**

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## कसरी...

'कानुन निर्माणमा ढिलाइ हुन्छ, त्यसैले अध्यादेश आवश्यक छ' भन्ने तर्क गरिरहेको छ। 'छिटो काम गर्नुपर्छ', यो तर्क सुन्नमा आकर्षक छ, तर लोकतन्त्र छिटो होइन, सही तरिकाले चल्ने प्रणाली हो, सम्बन्धित दलले बुझ्न जरुरी छ।

राजनीतिमा दृष्टिकोण परिवर्तन स्वाभाविक हुन सक्छ, तर सिद्धान्त नै उल्टिने गरी देखिने परिवर्तनले राजनीतिलाई नै अविश्वसनीय बनाएको हुन्छ। आज प्रश्न उठेको छ-के सिद्धान्त सत्ताअनुसार बदलिन्छ ? राजनीतिमा सबैभन्दा ठुलो पुँजी विश्वास हो। जब शब्द र व्यवहारबिच दुरी बढ्छ, अनि त्यो विश्वासको ठाउँ रहन्छ कहाँ ?

यस सन्दर्भमा रास्वपाको भूमिका विचारणीय बनेको छ। रास्वपा अहिले स्पष्ट विचार र सङ्गठित राजनीतिक दलको रूपमा अगाडि बढिरहेको छ कि विविध स्वार्थ र सोचहरूको असङ्गठित जमातको रूपमा ? यो स्पष्ट हुन जरुरी छ। बाहिरी एकता देखिए पनि भित्रको निर्णय प्रक्रिया र दिशाबोधमा स्पष्टताको अभावले सरकार र पार्टीबिचको सम्बन्ध समन्वयभन्दा बढी द्वैध धारमा बगिरहेको आभास मिलेको छ। रास्वपाभित्र संसदीय बहुमत अङ्कगणितीय औपचारिकतामा सीमित हुँदै गएको छ र




कार्यपालिकाले संसद्लाई बोझको रूपमा हेर्ने प्रवृत्ति बढ्दो छ।

अध्यादेशसम्बन्धी हालको प्रयोग यस सन्दर्भको गम्भीर उदाहरण हो। विगतमा अध्यादेशको विरोध गर्ने नेतृत्वबाट आज यसलाई 'नरम आक्रामकता' को रूपमा व्याख्या गर्नु रास्वपाका लागि भविष्यमा ठुलो भुल साबित हुन सक्छ। लोकतन्त्रमा आक्रामकता होइन, उत्तरदायित्व नै प्राथमिक हुन्छ।

राजनीतिमा दक्षता सफलताको सूत्र हो तर यो जवाफदेहिता मुक्त हुँदैन। जब दक्षतालाई लोकतन्त्रभन्दा माथि राखिन्छ, तब लोकतन्त्रको विघटन सुरु हुन्छ। यस अवस्थामा संसद् बाधा हो, प्रक्रिया ढिलाइ हो र सरकार नै एकमात्र निर्णयकर्ता हो भन्ने भाष्य निर्माण हुन्छ।

यही सोचले लोकतन्त्रलाई बिस्तारै कार्यकारी स्वेच्छाचारितातर्फ धकेल्छ। लोकतन्त्र एकैचोटि ढल्दैन, यो बिस्तारै क्षय हुँदै जान्छ। यसका लागि पहिले प्रक्रिया हटाइन्छ, त्यसपछि संस्थाहरू कमजोर बनाइन्छन् र पछि गएर शक्ति केन्द्रीकरण गरिन्छ।

रास्वपासँग पाँच वर्षको स्पष्ट जनादेश छ, संसद्मा बहुमत छ र कानुन निर्माण गर्ने पूर्ण संवैधानिक अधिकार छ। यस्तो अवस्थामा प्रक्रियालाई छल्दै अध्यादेशको बाटो रोज्नु देशलाई अँध्यारो सुरुङतर्फ लैजाने जोखिमपूर्ण कदम हो।

असहमति अध्यादेशको सामग्रीमा मात्र होइन, प्रक्रिया र नियतमा पनि छ। 'हामी विगतको दलीयकरण सच्याउ- दैछौँ' भन्ने तर्कमा स्पष्ट विरोधाभास छ। यदि सरकार दलद्वारा सञ्चालित छ भने त्यसमा दलीय प्रभाव नहुने कुरा कसरी विश्वासयोग्य हुन्छ ? अरूले गर्दा दलीयकरण र आफूले गर्दा सुधार, यो दोहोरो मापदण्ड हो।

संवैधानिक परिषद्को निर्णय प्रक्रियालाई सीमित व्यक्तिमा केन्द्रित गरेर अल्पमतबाट एकतर्फी नियुक्ति गर्ने सोच पनि एक अर्थको दलीयकरण नै हो। यसले संवैधानिक निकायहरूको स्वतन्त्रता र निष्पक्षतामाथि पनि प्रश्न उठ्न सक्छ।

रूख काट्नेजस्ता सामान्य प्रशासनिक विषयमा समेत अध्यादेश ल्याउन आवश्यक ठानिएको तर्क अत्यन्त कमजोर र अराजनीतिक शैलीको देखिन्छ। यस्ता विषय नीतिगत सुधार, नियमावली संशोधन र प्रभावकारी कार्यान्वयनबाट नै सम्बोधन गर्न सकिन्छ। अध्यादेश यसको समाधान होइन।

लोकतन्त्रमा बहुमत सत्ताको शिखर होइन, जनविश्वासको क्षणिक उचाइ मात्र हो, त्यसैले नेताले अहङ्कार होइन, विनम्रता र उत्तरदायित्व देखाउन सक्नुपर्छ। किनकि कुनै पनि चुनाव सधैँका लागि अन्तिम चुनाव हुँदैन। यसै प्रसङ्गमा लेखा समितिको सभापति प्रतिपक्षलाई दिइएको कुरालाई उदारता भन्नु बहुमतको अहङ्कार हो।

यो भ्रमपूर्ण छ, यो कुनै अनुदान होइन। संसदीय प्रणालीमा शक्ति सन्तुलन सुनिश्चित गर्ने अभिन्न अङ्गको रूपमा यसलाई विगतदेखि नै अभ्यास गरिँदै आएको हो। यो कुनै आविष्कार पनि होइन, उदारता पनि होइन।

अन्त्यमा, अध्यादेश आफैँमा समस्या होइन, यो संवैधानिक प्रक्रिया हो। तर संसद् सक्रिय रहेको बेला त्यसलाई छलेर अध्यादेश ल्याउनु लोकतान्त्रिक संरचनामाथिको अविश्वास हो। विगतमा पनि यस्ता अभ्यास भए, जसले गरे पनि ती उचित थिएनन्। जिम्मेवार नेता र दलले गलत अभ्यासलाई निरन्तरता दिने होइन, त्यसलाई सुधार्ने जिम्मेवारी लिनु परिपक्व राजनीति मानिन्छ। संसद्लाई बाधाको रूपमा चित्रण गर्नु, सरकारलाई एकमात्र निर्णयकर्ता बनाउनु र कानुन निर्माणको प्रक्रियालाई अनावश्यक ढिलाइ ठान्नु लोकतन्त्रका लागि महागल्ती हुनेछ।

इतिहासले बारम्बार शिक्षा दिएको छ- लोकतन्त्रको सबैभन्दा ठुलो खतरा बाहिरी तानाशाह मात्र हुँदैनन्, लोकतान्त्रिक आवरणमा पलाएको शक्ति केन्द्रीकरणको चाहना पनि त्यति नै सङ्कटपूर्ण हुन्छ। जब दक्षतालाई प्रक्रिया र सन्तुलनभन्दा माथि राखिन्छ, तब लोकतन्त्र बिस्तारै खोक्रो र निस्प्राण हुँदै जान्छ। यसलाई जोगाउन प्रक्रिया, संस्था र लोकतान्त्रिक मूल्यमाथिको निरन्तर सम्मान अपरिहार्य छ।

लोकतन्त्रमा चुनावमा हार र जित स्वाभाविक हुन्छ तर हरेक चुनाव अन्तिम चुनाव हुँदैन। लोकतन्त्र कहिल्यै हार्दैन, किनकि जनताको स्वतन्त्रता र अधिकार सत्ताभन्दा हमेसा माथि हुन्छ। (चालिसे नेपाली कांग्रेसका प्रवक्ता हुन्।)

# उभौली (साकेला) धुमधामका साथ सम्पन्न

पदम कुमार सरदार

विराटनगर। विराटनगर महानगरपालिका-११ स्थित किरात राई समुदायले साकेला प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने यो पर्वका अवसरमा साकेला थानमा विशेष पूजाआजा र नाचगानको आयोजना शुक्रवार धुमधामका साथ मनाइएको छ।

बालीनाली लगाउनु अघि प्रकृति र पितृको पूजा गर्ने परम्परा अनुसार किरात राई समुदायले सो दिनलाई विशेष महत्त्वका साथ मनाउने गर्दछन्। 'राम्रोसँग बाली सप्रियोस्, प्राकृतिक विपत्ति नआओस् र सबैमा सुख-शान्ति छाओस्' भन्ने कामना गर्दै भूमेस्थानमा पूजा गर्ने परम्परा रहेको किरात राई यायोक्खा विराटनगर महानगर कार्य समितिकी अध्यक्ष विष्णु कुमारी राईले बताइन।

विराटनगरमा रहेका किरात समुदायका मानिसहरू आ-आफ्नो जातीय पहिरनमा सजिएर साकेला थान पुगेका थिए। ढोल र झ्याम्टाको तालमा उनीहरूले परम्परागत 'साकेला सिली' प्रस्तुत गर्दा कार्यक्रमस्थल निकै आकर्षक देखिएको थियो। गर्मी बढ्ने भएकाले यस समयमा पशुपन्छी, माछा र मानव जाति बेँसीबाट लेकतिर अर्थात् उँभो लाग्ने विश्वास रहेकाले यो पर्वलाई 'उँभौली' भनिएको हो।

किरात समुदायमा यस दिनलाई चण्डी नाच नाचिने भएकाले चण्डी पूर्णिमा समेत भनिन्ने गरेको संस्थका सचिव दसर्थ रुदालीले जानकारी गराएका थिए।

# लागुऔषध सहित ५ पक्राउ

विराटनगर। झापा, सुनसरी र इलामबाट लागू औषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

वैशाख १७ गते झापाको मेचीनगर नगरपालिका- ६ स्थितबाट लागू औषध नियन्त्रण व्यूरो काँकरभिट्टाको टोलीले १० ग्राम ३८० मिलिग्राम ब्राउन सुगर सहित बुद्धशान्ति गाउँपालिका-४ का प्रदिप दाहाल र अर्जुनधारा नगर पालिका- १ का सुकराज उरावलाई पक्राउ गरेको थियो।

इलामको प्रहरी चौकी किटेनीले इलाम नगरपालिका- ७ का समिर गोले र माइजोगमाई गाउँपालिका- ५ का मनोज खत्रीलाई २ ग्राम १८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसै गरी सुनसरीको बराहक्षेत्र नगरपालिका- २ का सजिब राईलाई ट्रामाडोल ९० क्यापसुल सहित उनकै घरबाट इलाका प्रहरी कार्यालय महेन्द्रनगरले नियन्त्रणमा लिएको छ। सबै उपर थप अनुसधन्धान भई रहेकोछ।

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

क. गीता रानी महतो
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राम प्रसाद मेहता
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अमृत अर्याल
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

योगेन्द्र मण्डल
संघिय सांसद, क्षेत्र नं. ५ मोरंग